का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ जेठ २०८०,
बिहीबार
8 June 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १३३ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# फेरि सत्ता हेरफेरको चलखेल

“ कांग्रेस र एमालेले एक ठाउँमा नआउने भनेर कसम खाएको छैन । त्यसकारण कांग्रेससँग हामी मिल्न सक्छौं ।

■ **केपी ओली**, अध्यक्ष, एमाले

“ प्रधानमन्त्री प्रचण्डले यस्तो राजनीति सिर्जना गर्नुभएन, जसले गर्दा एजेण्डागतरूपमा एमाले र कांग्रेस सँगै अभिनुपरोस् ।

■ **मिनेन्द्र रिजाल**, नेता, कांग्रेस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ जेठ ।

आम चुनाव भएर बनेको सरकार फेर्ने प्रयासमा नेताहरुको छलफल बढ्न थालेको छ । नेताहरुका अनुसार कांग्रेसका दोस्रो तहका केही नेताहरु एमालेसँगको संवादमा छन् । एमाले र कांग्रेस मिल्दा संघदेखि प्रदेश सबैतिर सहज सरकार बन्छ । अन्यथा कोशी प्रदेशमा मध्यवधि चुनावको समेत सम्भावना रहेको भन्दै एमाले र कांग्रेसका केही नेताहरु एमालेसँगको संवादमा पुगेका हुन् ।

कांग्रेससँग मिलेर सरकार बनाउने एमाले चाहना लुकेको छैन् । नेताहरुका अनुसार पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारको कामकारबाहीलाई लिएर कांग्रेसभित्र समेत एमालेसँग मिलेर नयाँ सरकार बनाउनुपर्ने मत राख्नेहरु बढ्न थालेका छन् ।

कांग्रेस नेताहरु आफ्नै पार्टीका नेता डा.प्रकाशशरण महतले ल्याएको बजेटमा समेत खोट देखाइरहेका छन् । कांग्रेसका महामन्त्री गगन कुमार थापाले निर्वाचन आयोगको जिल्ला कार्यालय खारेज गर्ने सरकारको निर्णयमा आपत्ति जनाए ।

बुधबार प्रतिनिधिसभाको शून्य समयमा बोल्दै उनले भने, 'निर्वाचन आयोगको कार्यालय खारेज गर्ने निर्णयलाइ तत्काल सच्याउन म नेपाल सरकारसँग माग गर्दछु ।' सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटमा जिल्ला निर्वाचन कार्यालयलाई खारेज गरी जिल्ला प्रशासन कार्यालयअन्तर्गत निर्वाचन एकाइ रहने प्रस्ताव गरेको छ । यसप्रति निर्वाचन आयोगले समेत आपत्ति जनाइसकेको छ । जिल्ला निर्वाचन आर्यालय खारेज गर्ने प्रस्ताव संविधान अनुकुलसमेत नरहेको थापाको भनाइ छ ।

> कांग्रेससँग मिलेर सरकार बनाउने एमाले चाहना लुकेको छैन। नेताहरुका अनुसार प्रचण्ड नेतृत्वको सरकारको कामकारबाहीलाई लिएर कांग्रेसभित्र समेत एमालेसँग मिलेर नयाँ सरकार बनाउनुपर्ने मत राख्नेहरु बढ्न थालेका छन् ।

डा.प्रकाशशरण महतले बजेट निर्माणमा अनधिकृत व्यक्तिलाई समावेश गराएको भनी उठेको प्रश्नमा पनि एमालेले नरमको नीति लिएको नेताहरु बताउँछन् । कांग्रेसले आफ्नै पार्टीको अर्थमन्त्रीले ल्याएको बजेटको आलोचना गर्नु र अर्थमन्त्रीमाथि उठेको प्रश्नमा कांग्रेस नरम हुनु मात्रै सत्तापरिवर्तनको खेलको संकेत नभएको नेताहरु बताउँछन् ।

कांग्रेस नेता मिनेन्द्र रिजाल कांग्रेस र माओवादी केन्द्र सहितको गठबन्धन सोचअनुसार कम्तीमा पाँच वर्ष देश चलोस् भन्नेमा आफूहरु रहेको बताउँछन् । उनी भन्छन्, 'कांग्रेसको तर्फबाट धोका नहोस्, प्रधानमन्त्री प्रचण्डले चाहेको हाम्रो प्रतिबद्धता पनि पूरा होस् । देश अस्थिरताको चक्रव्यूहमा नपरोस् र गठबन्धनको सोचअनुसार कम्तीमा पाँच वर्ष देश चलोस् ।'

यसका लागि १२ बुँदे समझदारी, विस्तृत शान्तिसम्झौता र संविधानलाई केन्द्रमा राख्ने राजनीतिलाई बोक्नुपर्ने उनको भनाइ छ । तत्कालीन माओवादी र सात राजनीतिक दल (कम्तीमा त्यसको मूल नेतृत्वमा रहेको नेपाली कांग्रेस र माओवादी)को साझा राजनीति नै अहिलेको गठबन्धन राजनीति हुनुपर्ने उनलाई लाछ ।

प्रधानमन्त्री प्रचण्ड यस भावलाई मूल राजनीति भनेर बुझ्केको दिनसम्म राष्ट्रपति रामचन्द्र पौडेल प्रचण्डको सबैभन्दा बलियो सहयोगी बन्ने र त्यसो नगरे राष्ट्रपतिबाट सहयोग खोज्नु र कांग्रेसबाट समर्थन पाइराखिन्छ भन्नु अनुचित हुने उनको भनाइ छ । »» पृष्ठ २ मा

गणतन्त्रका उपलब्धीहरु

■ संघीयताको अभ्यासमार्फत संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँड,
■ विधिको शासनको व्यवस्था,
■ अधिकार सम्पन्न स्थानीय तह,
■ जनअनुमोदित प्रतिनिधिबाट शासन सञ्चालन,
■ अभिव्यक्ति स्वतन्त्रताको रक्षा,
यी उपलब्धीहरुको रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनमत पार्टीलाई सरकारमा लैजाने प्रयास

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ जेठ ।



जनमत पार्टी सरकारमा सहभागी हुने भएको छ । जनमत पार्टीलाई सरकारमा ल्याउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद् पुनर्गठनको तयारी थालेका छन् ।

१० पुसमा प्रधानमन्त्री भएका प्रचण्डले ९ जेठमा मात्र सरकारलाई पूर्णता दिएका थिए । तर जनमत पार्टीलाई सरकारमा ल्याउनुपर्ने भएकाले मन्त्रिपरिषद् पुनर्गठनको तयारी भइरहेको सत्तारुढ दलका नेताहरु बताउँछन् ।

माओवादीबाट उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, ऊर्जामन्त्री शक्ति बस्नेत, सञ्चारमन्त्री रेखा शर्मा, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी र संस्कृति पर्यटन तथा नागरिक उड्यनमन्त्री सुदन किराती छन् ।

नेताहरुका अनुसार माओवादीले जनमत पार्टीलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय दिने तयारी गरेको छ । मोदीले बिहीबार आफ्नो मन्त्रालयले हालसम्म गरेका प्रगति विवरण सुनाउन पत्रकार सम्मेलन गर्दैछन् ।

# निर्णायक राप्रपा



यदि राप्रपाले नयाँ सरकार बनाउन सहयोग नगरे कोशी प्रदेश मध्यावधितिर धकेलिने खतरा छ । त्यो सम्भावना टार्ने वा नटार्ने निर्णय पनि राप्रपामै भर पर्नेछ ।

**कोशी प्रदेश**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २४ जेठ ।

प्रदेश सरकार बदल्ने योजना अनुरुप बुधबार कोशी प्रदेश सरकारबाट नेकपा माओवादी केन्द्र बाहिरिएको छ । माओवादी केन्द्र सरकारबाट बाहिरिएपछि मुख्यमन्त्री हिक्मत कार्कीले बहुमत गुमाएका छन् । गत २७ पुसमा नेकपा एमालेका नेता कार्कीलाई माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनता समाजवादी पार्टी (जसपा) ले समर्थन गरेका थिए ।

तर जसपाले गत १७ जेठमा सरकार छोडेको थियो । जसपाले सरकार छोडेपनि मुख्यमन्त्री कार्कीसँग बहुमत थियो । एमालेसँग ४०, माओवादी केन्द्रसँग १३ र राप्रपासँग ६ सिट भएकाले सरकारका लागि आवश्यक बहुमत ४७ भन्दा धेरै संख्या थियो ।

माओवादीले सरकार छोडेपछि भने कार्की नेतृत्वको सरकार अल्पमतमा परेको छ । एमालेलाई अब राप्रपाको मात्रै साथ रहेकाले मुख्यमन्त्री कार्कीसँग ४६ सिट मात्रै छ । त्यसैले आगामी आर्थिक वर्षको बजेट अध्यादेशबाट ल्याउने तयारी मुख्यमन्त्री कार्कीले गरेका छन् ।

कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाले भने नयाँ सरकार निर्माणको प्रयत्न थालेका छन् । यद्यपि एक महिनाभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था भएकाले मुख्यमन्त्री कार्कीसँग बजेट ल्याउने अवसर छ । तर प्रदेशसभाबाट बजेट ल्याउन आवश्यक सिट संख्या नभएकाले अध्यादेशबाट ल्याउनुपर्नेछ ।

राष्ट्रिय राजनीतिमा सत्ता गठबन्धन बदलिएकाले कोशी प्रदेशमा यस्तो समस्या आएको हो । गत १३ फागुनमै माओवादी केन्द्रले एमालेलाई छोडेर कांग्रेस नेतृत्वको गठबन्धनतिर लागेको थियो । तर संघीय सरकारसँगै अन्य प्रदेश सरकारको सत्ता सहयात्रा बदलिएपनि कोशीमा एमाले र माओवादी गठबन्धन कायम थियो ।

माओवादीले पनि सरकार छोडेपछि अब मुख्यमन्त्री कार्कीलाई सत्ता जोगाउन सजिलो देखिदैन । अर्कातिर नयाँ गठबन्धनलाई पनि सरकार बनाउन सजिलो छैन । किनकि कांग्रेस नेतृत्वको गठबन्धनसँग पनि ४६ प्रदेश सांसद मात्रै छ । सभामुख माओवादी केन्द्रका नेता निर्वाचित भएकाले सरकार बनाउन आवश्यक सिट संख्या कांग्रेस र माओवादी गठबन्धनसँग छैन ।

तर राप्रपाले एमालेलाई छोडेर नयाँ गठबन्धनतिर लागेमा सरकार बन्न सक्छ । तर संघसहित अन्य प्रदेशमा राप्रपाले एमालेलाई साथ दिएकाले कोशीबारे »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विदेशी कामदारको सहजताले मलेसियाको पाम उत्पादनमा गुल्जार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ जेठ

पर्याप्त विदेशी कामदारको आपूर्तिले पाम आयलमा आधारित मलेसियाको अर्थतन्त्रमा गुल्जार देखिन थालेको छ । विश्वको दोस्रो ठूलो पाम आयल उत्पादकमा मलेसियाको प्लान्टेसन सेक्टरमा विदेशी श्रमिक संकट कम हुँदा मलेसियन आर्थिक वर्षको पहिलो छ महिना उत्साहजनक बनेको उद्योगीहरूले बताएका छन् ।

मलेसियामा जुन महिना पाम आयल भित्र्याउने महिनाका रूपमा मानिन्छ । पर्याप्त वर्षाले उत्पादन बढाएको अवस्थामा विदेशी कामदारको पनि सहजताले पाम आयल उद्योगी उत्साहित भएका छन् । मलेसियाको आईओआई कर्पोरेशन प्लान्टेशनका निर्देशक सुधाकरन नाटथ भास्करन यस वर्ष उत्पादन राम्रो भएकाले तेल निकासी दर बढेर त्यसले मुलुकको आर्थिक व्यवस्थामा उल्लेख्य सुधार ल्याउने बताउँछन् ।

अगस्टदेखि सेप्टेम्बरसम्ममा पाम तेलको उत्पादन उच्च स्तरमा नपुग्दासम्म सुधारको गति नरोकिने भन्दै सुधाकरनले भने, 'उत्पादन द्रुत गतिमा बढिरहेको कारणले यस वर्ष निर्यातमा नयाँ रेकर्ड स्थापित हुने बलियो अपेक्षा छ र मलेसियाले विश्वको पाम तेलको २० प्रतिशतभन्दा बढी »» पृष्ठ २ मा

### कम्बोडिया र दुबई पठाउने भन्दै ठग्ने दुई जना पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि आकर्षक तलबमा कम्बोडिया र दुबई पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार सोलुखुम्बुको लिखुपिके गाउँपालिका-१ घर भई हाल काठमाडौंमा बस्दै आएका ४६ वर्षीय शेरबहादुर तामाङ र झापा, दमक नगरपालिका-१० घर भई हाल काठमाडौं बस्दै आएकी ४५ वर्षीया मुनादेवी पक्राउ परेका हुन् ।

तामाङले खुमबहादुर रानालाई वैदेशिक रोजगारीका लागि कम्बोडिया »» पृष्ठ २ मा

## चार्जिङ स्टेशनको अभावमा थन्किए विद्युतीय बस

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ जेठ ।



चार्जिङ स्टेशनको अभाव देखाएर साझा यातायातका ३४ वटा विद्युतीय बस अझै थन्किएर बसेपछि संसदमा समेत सो विषयले चर्चा पाएको छ । सरकारले साझा यातायातसँगको सहयोगमा ५७ करोडमा ३७ वटा बिजुली बस खरिद गरेर ल्याए पनि अहिले ६ वटा मात्रै सञ्चालनमा आउनुको कारण माग भएको हो । हाल ४० वटा विद्युतीय बसमध्ये ६ वटा विद्युतीय बसमात्र नियमति सञ्चालनमा छन् ।

'बिजुली बस आइसक्यो पार्किङ र चार्जिङ स्टेशन छैन, बस गुड्न तयार छ तर, रुट परमिट छैन । सर्वसाधारण दिनहुँ कोचिएर थोत्रो बसमा यात्रा गर्न बाध्य छन् । तर, हामी सफा सुविधा सम्पन्न विद्युतीय बसलाई थन्काएर राखिरहेका छौं । कतै हामीले माल पाएर चाल नपाएको पो नपाएको हो कि ?' रास्वपाका सांसद असीम शाहले भने । उनले जनताको करले किनेको बसलाई खिया लगाएर नफाल्न सुझाव पनि दिएका छन् ।

चीनबाट ४० वटा विद्युतीय बस खरिद गरेर ल्याएपनि वैशाखको अन्तिम सातासम्म ३ वटा विद्युतीय बस मात्रै सञ्चालनमा रहेका थिए । जेठको पहिलो साताबाट भने पाटनढोका-रत्नपार्क-गौशाला-बौद्ध हुँदै जोरपाटीसम्म चल्ने गरी विद्युतीय बसको नयाँ रुटको सेवा उद्घाटन भएको हो ।

'चीनबाट ल्याइएका सबै विद्युतीय बसलाई एक साथ सञ्चालन गर्नका लागि हामीसँग पर्याप्त चार्जिङ स्टेशन छैन । त्यसैले उपलब्धताका आधारमा हामी क्रमैसँग ती बस सञ्चालन गर्दै जाने हाम्रो योजना छ' साझा बसका महाप्रबन्धक »» पृष्ठ २ मा

नौ जिल्लामा खोप अभियान शुरु

# काठमाडौंमा एकै विद्यालयका चार विद्यार्थीमा दादुरा पुष्टि

**काठमाडौं/मस**–काठमाडौंका एकै विद्यालयका चार विद्यार्थीमा दादुरा पुष्टि भएको छ ।

गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर ९ को एक विद्यालयका चार जना विद्यार्थीमा दादुरा पुष्टि भएको हो । परिवार कल्याण महाशाखा अन्तर्गतको खोप शाखाका खोप अधिकृत भरत भण्डारीका अनुसार टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा रगत परीक्षणका क्रममा दादुरा पुष्टि भएको हो ।

विद्यालयमा पढ्ने १५ वर्षमुनिका ५४ जना विद्यार्थीलाई दादुरासँग मिल्दाजुल्दा लक्षण देखिएपछि पाँच जनाको नमूना परीक्षण गर्दा चार जनामा दादुरा पुष्टि भएको छ ।

अधिकांशलेले खोप नलगाएको पाइएकाले सोही नगरपालिका वरिपरिका पाँच सय भन्दा बढी १५ वर्ष मुनिका बालबालिकालाई निगरानीमा राखिएको छ ।



### दादुरा रोगविरुद्धको खोप अभियान

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ९ जिल्लाका बालबालिकालाई दादुरा-रुवेलाविरुद्धको खोप लगाउन शुरु गरेको छ ।

स्वास्थ्य सेवा विभागको बालस्वास्थ्य तथा खोप शाखाका जनस्वास्थ्य अधिकृत वसन्त श्रेष्ठ बिहीबारदेखि नौ जिल्लामा दादुरा रुवेलाविरुद्धको खोप अभियान सञ्चालन गर्न लागिएको बताए ।

सुनसरी, मोरङ, महोत्तरी, बर्दिया, दाङ, सुर्खेत, कैलाली, कञ्चनपुर बाजुरामा ६ महिनादेखि १५ वर्ष मुनिका बालबालिकालाई दादुरा रुवेलाविरुद्धको खोप लगाइने भएको हो ।

देशका विभिन्न जिल्लामा दादुरा महामारी देखिएको र महामारी अन्य जिल्लामा फैलिन सक्ने जोखिम रहेकोले बालबालिकालाई दादुरा रुवेलाविरुद्धको खोप दिइन थालिएको हो । उनका अनुसार यसअघि नेपालमा १३ जिल्लामा दादुरा रुवेला रोगको सङ्क्रमण देखिएको थियो ।

दादुरा रुवेलारोग कोरोना भाइरसभन्दा पनि तीव्र गतिले फैलिने र मृत्युदर पनि उच्च रहेको छ । एकजना दादुरा सङ्क्रमितले १८ जनासम्म रोग सार्न सक्छ । मन्त्रालायले यसअघि जतिपटक खोप लगाए पनि अभियानका क्रममा खोप लगाउन आग्रह गरिएको छ । मन्त्रालयले अभिभावकलाई आफ्ना बालबालिकालाई नजिकैको स्वास्थ्य संस्थामा गई खोप लगाउनु अनुरोध गरेको छ ।

# देवदहमा 'मिडिया फेस्टिभल' शुरु

**मध्यान्ह संवाददाता**
रुपन्देही, २४ जेठ

देवदहमा 'देवदह मिडिया फेस्टिभल' शुरु भएको छ । देवदहको सञ्चार माध्यममा योगदान पुऱ्याउने, अग्रज र युवा क्रियाशिल पत्रकारलाई सम्मान गर्ने उदेश्यसहित फेस्टिभलको आयोजना गरिएको हो ।




देवदह प्रेस क्लबको आयोजनमा भएको फेस्टिभलको बुधबार एक कार्यक्रमकाबीच लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगरले उद्घाटन गरेका हुन् ।

उद्घाटन समारोहमा देवदहको सञ्चार माध्यममा योगदान पुऱ्याउने नवराज पुरी, अग्रज पत्रकार सिद्दिचरण भट्टराई, याम राना, युवा क्रियाशिल पत्रकारितामा रेशम अधिकारी र गीत संगीतको क्षेत्रमा योगदान पुऱ्याएको भन्दै गायक तेजु अर्याललाई सम्मान गरिएको छ ।

फेस्टिभलको उद्घाटन गर्दै सभामुख घर्तीले मुलुकमा सुशासन कायम गर्नु अहिलेको आवश्यकता भएको बताए । राजनीतिक दलका नेता र प्रशासकमा व्याप्त अहंकार र दम्भका कारण सुशासनमा समस्या देखिएको भन्दै सभामुख घर्तीले पत्रकारहरूले त्यसलाई चिर्नुपर्नेमा जोड दिए । पद, प्रतिष्ठा र पैसाको लोभले समाज अराजकतातर्फ उन्मुख भएको भन्दै उनले समाजलाई सहि ट्र्याकमा ल्याउन पत्रकारहरूले कलम चलाउनुपर्ने आवश्यकता रहेको औंल्याए । सकारात्मक सोचको विकास गर्न आवश्यक रहेको भन्दै सभामुख घर्तीले लुम्बिनी प्रदेशले सामाजिक सेवा ऐन ल्याएर सभ्य समाज निर्माण गर्ने बताए ।

कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य खड्क बहादुर खत्री, देवदह नगरपालिकाका नगर प्रमुख ध्रुव प्रसाद खरेल, पत्रकार सम्बद्ध विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूले आ-आफ्नो भनाइ राखेका थिए । तीनदिनसम्म चल्ने कार्यक्रममा 'नेपाली पत्रकारिताः अभाव र अबको बाटो' लगायतका विषयमा छलफल गरेर ठोस निष्कर्ष निकाल्ने क्लबका अध्यक्ष विष्णुप्रसाद पोखरेलले जानकारी दिए । कार्यक्रममा लुम्बिनी प्रदेश भरका मुलधार र स्थानीय स्तरका सञ्चारमाध्यमका सम्पादकसहित सय बढी पत्रकार सहभागी छन् ।

# मृत्यु भइसकेका व्यक्तिका नाममा सामाजिक सुरक्षा भत्ता

**तनहुँ/मस**– तनहुँका स्थानीय तहले मृत्यु भइसकेका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइएको छ । जिल्लाका अधिकांश स्थानीय तहले मृत्यु भइसकेका व्यक्तिको खातामा रकम निकासा गरेको छ ।

गत आर्थिक वर्ष २०७८/७९ मा जिल्लाका विभिन्न पालिकाले रु. पाँच लाख २५ हजार दुई सय ३३ मृत्यु भएका व्यक्तिको खातामा पठाएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । देवघाट गाउँपालिकाले रु. २४ हजार चार सय, घिरिङ गाउँपालिकाले रु.एक लाख ३५ हजार नौ सय ८०, भानु नगरपालिकाले रु. ५३ हजार छ सय १०, आँबुखैरेनी गाउँपालिकाले रु. २४ हजार चार सय, बन्दीपुर गाउँपालिकाले रु. २४ हजार एक सय ३१, भिमाद नगरपालिकाले रु. २९ हजार तीन सय १४, ऋषिङ गाउँपालिकाले रु. एक लाख १६ हजार छ सय ३० र शुक्लागण्डकी नगरपालिकाले रु.एक लाख १६ हजार सात सय ५८ मृत्युपश्चात् भुक्तानी गरेको छ ।

सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकामा स्थानीय तहले मृत्यु भइसकेका व्यक्तिलाई पनि रकम निकासा गरेकाले त्यस्तो कार्य सुधार गर्न सुझाव दिइएको छ ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ (२) मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाद गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमको सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ ।

# चिनियाँ र नेपाली मिलेर अवैध कल बाइपास

**काठमाडौं/मस**– चिनियाँ र नेपाली मिलेर अवैधरूपमा कल बाइपास गरेको फेला परेपछि दुई व्यक्ति पक्राउ परेका छन् । ललितपुरको महालक्ष्मी नगरपालिका-५ टीकाथली खरिबोटमा अवैध अन्तर्राष्ट्रिय कल/एसएमएस बाइपासमा संलग्न रहेको अभियोगमा उनीहरूलाई पक्राउ गरी अनुसन्धान थालिएको प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले जनाएको छ ।

ब्यूरोका प्रहरी उपरीक्षक सञ्जयसिंह थापाका अनुसार पक्राउ पर्नेमा चिनियाँ नागरिक ३२ वर्षीय झाओ जियाङपेङ र सिन्धुपाल्चोक त्रिपुरासुन्दरी घर भई काठमाडौं महानरगपालिका-१६ सोह्रखुट्टे बस्ने २२ वर्षीय गणेश श्रेष्ठ रहेका छन् ।

ललितपुर महालक्ष्मी नगरपालिका-५ टीकाथली खरिबोटमा गैरकानुनीरूपमा शङ्कास्पद गतिविधि भइरहेको छ भन्ने गोप्य सूचनाका आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले केही दिनदेखि खोजतलास गरिरहेको थियो ।

## फेरि...

उनी भन्छन्, 'संक्रमणकालीन न्यायका कामलाई टुंग्याउने र देशलाई शान्ति, सुशासन र समृद्धिको यात्रामा लैजाने हो भने प्रधानमन्त्री प्रचण्डले यस्तो राजनीति सिर्जना गर्नुभएन, जसले गर्दा एजेन्डागत रूपमा एमाले र कांग्रेस सँगै उभिनुपरोस् ।'

बाध्यतात्मक अवस्था बन्यो भने एमाले र कांग्रेस एक ठाउँमा उभिनुपर्ने उनलाई लाग्छ । प्रधानमन्त्री प्रचण्डको व्यवहार सन्तुलित हुँदा एमालेमा विकास भएको प्रतिशोधको भाव मत्थर हुँदै जाने अन्यथा, एमालेले पनि धोकाको बदला धोका भन्ने बाटो लिन सक्ने उनको भनाइ छ । उनी थप्छन्, 'कांग्रेसले पनि प्रचण्डको त्यो बाटोलाई थेग्न नसक्ला । यसले प्रचण्डजीलाई प्रधानमन्त्री भइराख्न पनि कठिनाइ होला । योभन्दा ठूलो कुरा मुलुकमा थप अप्ठ्यारो राजनीतिको सिलसिला सुरु हुन्छ र हामीले झन् बढी दुःख पाउँछौं ।' यसो नहोस् भन्ने आफ्नो चाहना रहेको नेता रिजाल बताउँछन् ।

आम चुनावयता मात्रै कांग्रेस र एमालेको सरकार बनाउने कसरत दुइ पटक भइसकेको छ । ४ मंसिरको आम चुनावको परिणाम आए लगत्तै एमालेले कांग्रेससँग मिलेर सरकार बनाउने प्रयास गरेको थियो । सुरुमा कांग्रेसले मानेन र आफ्नै नेतृत्वमा सरकार बनाउने प्रयास गऱ्यो । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल कांग्रेसको समर्थनमा प्रधानमन्त्री बन्न चाहन्थे । कांग्रेसले एमालेको साथ पाउने आशमका प्रचण्डलाई प्रधानमन्त्री नबनाउने नीति लिएपछि एमालेले कांग्रेसले आफूलाई सरकारको नेतृत्व नदिने भएपछि प्रचण्डलाई प्रधानमन्त्री बनायो । एमाले र कांग्रेसको सरकार बनाउने प्रयासले मुर्त रुप पाउन नसक्दा त्यसबेलाको पहिलो सम्भावना त्यसै टरेको थियो ।

एमालेको समर्थनमा १० पुसमा प्रधानमन्त्री बनेका प्रचण्डले एमाले र कांग्रेसलाई सन्तुलनमा राख्ने प्रयास गर्दा सत्ता समीकरण नै फेरबदल गर्नुपऱ्यो । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनसम्म पुग्दा प्रचण्डले सत्ता सहयात्राबाट एमाले र राप्रपा गुमाए । कांग्रेस सहितका दलहरु प्रचण्ड नेतृत्वको सरकारमा रहे । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन पश्चात पनि राजनीति स्थिरताका लागि एमाले र कांग्रेसको नयाँ गठबन्धन बनाउने गृहकार्य भएको थियो ।। देशमा अस्थिरता बढ्दै जाने निष्कर्षसहित एमालेले स्थिरतातिर लैजानका लागि दुई ठूला दल मिल्नुको विकल्प नभएको भनी कांग्रेससँग सत्ता सहयात्राको प्रस्ताव गरेको थियो ।

एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री कपी शर्मा ओलीले राजनीति स्थितरताका लागि दुई ठूला दलबीच नयाँ गठबन्धन बन्नुपर्ने सार्वजनिक रुपमै भनेका थिए । राष्ट्रपतिको निर्वाचनपछि संसद भवन नयाँ वानेश्वरमा पत्रकार हरुसँग कुरा गर्दै अध्यक्ष ओलीले कांग्रेससँग मिलेर नयाँ सरकार गठन हुन सक्ने बताउँदै भनेका थिए, 'राजनीतिमा जे पनि सम्भव छ, केही पनि सम्भव छैन भन्छन् । कांग्रेस र एमालेले एक ठाउँमा नआउने भनेर कसम खाएको छैन । कांग्रेससँग हामी मिल्न सक्छौं ।' तर, कांग्रेसले केही समय अघि मात्रै शेरबहादुर देउवलाई प्रधानमन्त्रीमा समर्थन गर्छु भनेर प्रचण्डलाई प्रधानमन्त्री बनाएको स्मरण गर्दै एमालेको प्रस्तावमा गम्भीर भएर छलफलमा भाग लिएन । त्यसबेला भएको सत्ता हेरफेरको दोस्रो प्रयास बिफल भएको थियो । पछिल्लो समय तेस्रो पटक कांग्रेस र एमालेका गठबन्धनको प्रयासमा नेताहरु लागेका छन् । दुई दल मिल्दा राजनीतिक स्थिरता हुने यस्तो प्रयास गर्ने नेताहरुको तर्क छ ।

## निर्णायक...

कस्तो निर्णय लिन्छ भन्ने प्रष्ट छैन । यद्यपि केही दिन अगाडि मात्रै राप्रपाले आफ्नै नेतृत्वमा सरकार बनाउन पहल गर्ने निर्णय गरेको छ । राप्रपाका एक नेता, अहिले नै कुनै निर्णयमा पुगिनसकेको बताउँछन् । यदि राप्रपाले नयाँ सरकार बनाउन सहयोग नगरेर कोशी प्रदेश मध्यावधितिर धकेलिने खतरा छ । त्यो संभावना टार्ने वा नटार्ने निर्णय पनि राप्रपामै भर पर्नेछ ।

## विदेशी...

उत्पादन गर्छ ।' मुलतः खाद्य पदार्थदेखि सौन्दर्य प्रसाधनसम्मका उपभोग्य वस्तुहरूमा प्रयोग गरिने पाम आयल कोभिड-१९ का कारणले विदेशी कामदार प्रवेशमा रोक लगाउँदा संकटको अवस्थामा पुगेको थियो । त्यसबाट मलेसियाले २० बिलियन रिंगेट गुमाउन पुगेको थियो । पाम आयल उत्पादन दरमा द्रुत वृद्धिले यस महिना कम्तीमा १८ नाघ्ने अनुमान गरिएको छ । पाम आयल उत्पादनमा देखिएको उल्लेख्य वृद्धिले समग्रमा मलेसियाको अर्थतन्त्रमा सुधार आई थप रोजगारी सिर्जना हुने आंकलन त्यहाँका पाम आयल उद्योगीहरूको छ ।

## कम्बोडिया...

पठाइदिन्छु भन्दै पाँच लाख र कार्कीले उमेश श्रेष्ठलाई वैदेशिक रोजगारीका लागि दुबई पठाइदिन्छु भन्दै चार लाख ५० हजार रुपैयाँ ठगी गरेको प्रहरीको दाबी छ । प्रहरीले दुवै जनालाई वैदेशिक रोजगार ऐनअनुसार थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहचल पठाएको बताएको छ ।

## चार्जिङ....

महेन्द्र बहादुर पाण्डेले भने । उनले रुट परमिट र चार्जिङ स्टेशनको व्यवस्थापन गरेर विद्युतीय बस छिट्टै सञ्चालनमा ल्याउने दाबी गरेका हुन् । केपी शर्मा ओलीको तत्कालीन सरकारले बिजुलीबाट चल्ने सार्वजनिक यातायातको प्रोत्साहन गर्न साझा यातायात सहकारी संस्था लिमिटेडमा ३ अर्ब रुपैयाँ लगानी गरेको थियो । सोही लगानीपछि चीनको सीएचटीसी कम्पनीबाट निर्मित ब्याट्रीबाट चल्ने ४० वटा बस सार्वजनिक खरिद ऐन अन्तर्गत भित्र्याईएको थियो । तर, भएका बस नै पूर्ण सञ्चालनमा नआउँदा साझाले थप बस खरिद गर्ने तयारी भने गरिरहेको छ ।

यता, सरकारले भने बजेट बक्यब्य देखि हरेक भाषणमा विद्युतीय बसको प्रयोग बढाउन माग गरिरहेको छ । 'विद्युतीय यातायात विस्तार गर्ने सरकारको प्राथमिकतामा छ । काठमाडौं उपत्यकालगायत मुख्य सहरी क्षेत्रमा ट्रली बसको सम्भावनाबारे चर्चामा छौं, यसलाई सञ्चालनमा ल्याउने कुरामा सरकार प्राथमिकताका साथ सोचिरहेको छ' उर्जामन्त्री शक्तिबहादुर बस्नेतले भने । उनले चार्जिङ स्टेसन वृद्धि गर्नेमा सरकार प्रतिबद्ध रहेको दाबी समेत गरेका छन् ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०२/२५**

यस कम्पनीको मिति २०८०/०१/०६ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको बैठकको निर्णयानुसार साविक कम्पनी **लाहुरे ट्रेनिङ्ग स्कुल प्रा.लि. (प्रा.लि. नं.: २९०१३५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/२५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गोर्खा गाइड ट्रेनिङ्ग सेन्टर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०१/०७ मा दर्ता भएको **प्रा.लि. नं. २८९५९६** को **नाइट एन्जल्स रेष्टुरेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मुसिकोट रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

**मुसिकोट नगरपालिकाको नियमन क्षेत्र भित्रका ५ बर्ष वा सो भन्दा बढी अबधिको बार्षिक प्रतिबेदन नबुझाउने सहकारी संस्थाहरुलाई अत्यन्त जरुरी सूचना**

**प्रकाशित मिति : २०८०/०२/२५**

यस नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ६६ को उप दफा (२) बमोजिम संस्थाले प्रत्यक आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिना भित्र बार्षिक साधारण सभा गरी सोको प्रतिबेदन यस नगरपालिकामा पेश गर्नु पर्ने प्राबधान रहेकोमा देहाय बमोजिमका सहकारी संस्थाले बिगत ५ बर्ष भन्दा बढी समयाबधि देखी लेखापरिक्षण गर्ने, साधारण सभा तथा संस्थाको बिबरण अध्याबधिक गर्ने नगरेको नदेखिएको नियमित रुपमा कार्यालय सन्चालन नभएको समेत नदेखिएको र संस्थाको अभिलेखमा उल्लेखीत सम्पर्क नम्बरहरुमा समेत सम्पर्क हुन नसकेको हुदा ती संस्थाहरु यस नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ६६ को उप दफा (२) बमोजीम किन खारेज नगर्ने । खारेज गर्नु पर्ने मनासिब कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस नगरपालिकाको सहकारी शाखामा बिबरण तथा कागजात सहित सम्पर्क गर्नु हुन सूचित गरिन्छ । तोकिएको अबधि भित्र सम्पर्क गर्न नआएमा सोही ऐनको दफा ६६ बमोजीम संस्था खारेज गरिने छ ।

**५ बर्ष वा सो भन्दा बढी अबधि सम्मको साधारण सभाको प्रतिबेदन पेश गर्न बाँकि संस्थाहरुको बिबरण :**

| सि.नं. | संस्थाको नाम | ठेगाना | | दर्ता नं. | प्रतिबेदन पेश हुन बाकी अबधि |
|---|---|---|---|---|---|
| | | साविक | हाल | | |
| १. | ठुलीदह कृषि सहकारी संस्था | सांख ७ | मुसिकोट ७ | ९०१ | २०७१/०७२ देखी ०७९/०८० सम्म |
| २. | जनसेवा उपभोक्ता सहकारी संस्था | भलाक्चा ५ | मुसिकोट १२ | | ०६७/०६८ देखी ०७९/०८० सम्म |
| ३. | कालिका कृषि तथा दूग्ध उत्पादन सहकारी संस्था | सांख ९ | मुसिकोट ६ | ५६ | २०७०/०७१ देखी ०७९/०८० सम्म |
| ४. | रमणीय उन्नत तरकारी वीउ उत्पादन सहकारी संस्था | छिवांग १ | मुसिकोट १३ | ४५ | ०६९/०७० देखी ०७९/०८० सम्म |
| ५. | प्रगतिशिल उपभोक्ता स.स.लि. | सांख ८ | मुसिकोट ६ | | ०६६/०६७ देखी ०७९/०८० सम्म |
| ६. | प्रगतिशिल जनभावना उपभोक्ता स.स.लि. | खलंगा १ | मुसिकोट १ | | ०६६/०६७ देखी ०७९/०८० सम्म |
| ७. | चारनेटी उपभोक्ता स.स.लि. | सांख १ | | | २०६६/०६७ देखी ०७९/०८० सम्म |
| ८. | हंशदिप दूग्ध स.सं.लि. | खलंगा १ | मुसिकोट १ | ९५९ | २०७१/०७२ देखी ०७९/०८० सम्म |
| ९. | जनज्योती महिला आय आर्जन तथा वचत स.स.लि | भलाक्चा ९ | मुसिकोट ११ | ६२० | २०६८/०६९ देखी ०७९/०८० सम्म |
| १०. | जनबहूमूखी स.स.लि. | खलंगा ८ | मुसिकोट २ | ६६ | २०५७/०५८ देखी ०७९/०८० सम्म |
| ११. | नवमहालक्ष्मी वचत तथा ऋण स.स.लि. | खलंगा १ | मुसिकोट १ | १६८ | २०६९/०७० देखी ०७९/०८० सम्म |
| १२. | ग्रामिण महिला आय आर्जन बचत तथा ऋण सरकारी संस्था लिमिटेड | मु.न.पा.१ | मु.न.पा. १ | ६२३ | ०६८/०६९ देखी ०७९/०८० सम्म |
| १३. | सिलिंगीपधेरा चौतारी कृषि स.स.लि. | खलंगा ३ | मुसिकोट ५ | ४१३ | २०६६/०६७ देखी ०७९/०८० सम्म |

**उर्लाबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**उर्लाबारी, मोरङ**
**कोशी प्रदेश**

**बोलपत्र स्वीकृतगर्ने आशयको सूचना ।**

**(सूचना प्रकाशित मितिः २०८०।०२।२५)**

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन अएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएको बोलपत्रको न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राहि भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक मू.अ.कर.सहित |
|---|---|---|---|
| URL-Compound Wall-Bldng-W-NCB-18-079/80 | Construction Of Compound wall of Ward Office Building, Urlabari 2 | श्री गंगा जमुना कन्स्ट्रक्सन प्रा. लि | २०,२१,४५५.०३ |

# आमसञ्चारसम्बन्धी आवश्यक कानून शीघ्र ल्याइने



**काठमाडौं/मस**-सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारका प्रवक्ता रेखा शर्माले आमसञ्चारसम्बन्धी आवश्यक कानून शीघ्र ल्याइने बताएकी छन् ।

बुधबार मन्त्रालयमा 'आमसञ्चार क्षेत्र सुधार समिति'को प्रतिवेदन बुझ्ने क्रममा उनले सूचना प्रविधिको क्षेत्र दिनहुँ परिवर्तन हुँदै गएकाले यो क्षेत्र सुधारका लागि नयाँ कानूनको आवश्यकता रहेको बताइन् ।

मन्त्री शर्माले सूचना प्रविधिको बदलिँदो स्वरूपले आमसञ्चार क्षेत्रमा थपिएका चुनौतीको सम्बोधनका लागि सूचना प्रविधि र आमसञ्चार क्षेत्रका कानूनको प्रक्रिया अघि बढाइएको जानकारी दिइन् ।

आमसञ्चार क्षेत्रको समग्र सुधारका लागि आवश्यक नीति, कानून तथा नियमनका विषयमा सुझाव दिन नेपाल सरकार (मन्त्रिस्तर) को गत फागुन २६ को निर्णयानुसार वरिष्ठ पत्रकार डा.सुरेश आचार्यको संयोजकत्वमा सो समिति गठन गरिएको थियो ।

कार्यक्रममा मन्त्रालयका सचिव कृष्णबहादुर रावतले प्रतिवेदनमा सार्वजनिक सेवा प्रसारण विधेयकमाथि गर्नुपर्ने सुधार र सोको पुष्ट्याइँलगायत सुझाव रहेको अपेक्षा गर्दै मिडियाको अहिलेको अवस्थामा सुधार र परिवर्तित प्रविधिअनुसार चुनौती समाधान गर्नका लागि नयाँ कानून आवश्यकता रहेको धारणा व्यक्त गरे ।

समितिले तोकिएका कार्य समयभित्र कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन तयार गररेर बुधबार प्रतिवेदन बुझाएको हो । समितिले मन्त्रीसहित मन्त्रालयका उच्चपदस्थ अधिकारी, सरोकारवाला संघसंस्था तथा निकाय र विज्ञसँग अन्तर्क्रियासमेत गरी कार्यादेशबमोजिम अन्तरिम प्रतिवेदनलाई समेत समेटेर यो अन्तिम प्रतिवेदन तयार गरेको संयोजक आचार्यले बताए ।

समितिको प्रतिवेदनमा सार्वजनिक सेवा प्रसारण विधेयकमाथि गर्नुपर्ने सुधार र सोको पुष्ट्याइँ, नेपाल मिडिया काउन्सिलसम्बन्धी विधेयकको मस्यौदा, राष्ट्रिय आमसञ्चारसम्बन्धी विधेयकको मस्यौदा र नेपाल आमसञ्चार प्रशिक्षण प्रतिष्ठानसम्बन्धी विधेयकको मस्यौदा गरी चार वटा कानूनका मस्यौदा संलग्न छन् ।

त्यस्तै समितिले अन्य नीतिगत तथा संरचनागत सुधारअन्तर्गत सरकारी सञ्चारमाध्यमका पुनःसंरचना, डिजिटल मिडिया तथा सामाजिक सञ्जाल, आमसञ्चारमाध्यमको विकास, आमसञ्चार क्षेत्रमा बहुलता, विविधता र समावेशिताको प्रवर्द्धन, श्रम समस्याको समाधान, सामाजिक सुरक्षा एवं सूचनाको हक, प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षासम्बन्धी विषयमा पनि विश्लेषण तथा सुझाव प्रस्तुत गरेको हो ।

कार्यक्रममा समिति सदस्य विपुल पोखरेल, डा.महेन्द्र विष्ट, गोविन्द आचार्य र बबिता बस्नेतले समितिले गहन अध्ययन तथा विश्लेषण गरी तयार गरेको सुझाव तथा सिफारिसको कार्यान्वयन हुने विश्वास व्यक्त गरे । उनीहरूले समिति गठन गरी यस्तो गहन विषयमा सुझाव दिन जिम्मेवारी प्रदान गर्नुभएकामा मन्त्री र मन्त्रालयप्रति आभार व्यक्त गरेका थिए ।

## मध्यान्हकर्मी अधिकारी सम्मानित



**रुपन्देही/मस**- मध्यान्हकर्मी रेशम अधिकारी सम्मानित भएका छन् । रुपन्देहीको देवदह प्रेस क्लबले देवदहको पत्रकारिता क्षेत्रमा अनवरतरुपमा क्रियाशील रहेको भन्दै पत्रकार अधिकारीलाई युवा क्रियाशील पत्रकारिता पुरस्कारबाट सम्मान गरेको हो ।

क्लबले देवदह मिडिया फेस्टिभलको अवसरमा बुधबार एक कार्यक्रम गरी 'युवा क्रियाशिल पत्रकारिता पुरस्कारबाट सम्मान २०८०' बाट अधिकारीलाई नगद र प्रमाणपत्रसहित सम्मान गरेको हो । लुम्बिनी प्रदेशका सभामुख वसन्त घर्तीले उनलाई सम्मान गरेका हुन् ।

# पूर्वजनमुक्ति सेना नेपाल बाफिकोटको नयाँ कार्यसमिति चयन

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २४ जेठ



रुकुम पश्चिम बाफिकोट गाउँपालिकाको पूर्वजनमुक्ति सेना नेपालको नयाँ कार्यसमिति चयन भएको छ । मंगलबार सम्पन्न भेलाले लक्ष्मण शाहीको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

यस्तै उपाध्यक्षमा अमृत केसी, सचिवमा हिमाली खत्री, सहसचिवमा कल्लन चन्द र कोषाध्यक्षमा गोपाल बाठा चयन भएको नवनिर्वाचित अध्यक्ष शाहीले जानकारी दिए ।

भेलामा नेकपा माओवादी केन्द्रका कर्णाली प्रदेश कमिटी सदस्य धर्मबहादुर केसी, कर्णाली प्रदेश कमिटी सदस्य हरि मल्ल, पार्टीका गाउँपालिका इन्चार्ज चन्द्रबहादुर शाही, पूर्वजनमुक्ति सेना नेपाल रुकुम पश्चिमका अध्यक्ष कलबहादुर नाथ, नेकपा माओवादी केन्द्रका बाफिकोट गाउँपालिका अध्यक्ष चन्द्रबहादुर केसी, बाफिकोट वडा नं. १० का अध्यक्ष हरि चन्दलगायत पूर्वजनमुक्ति सेना बाफिकोटमा कार्यरत सबैको सहभागिता रहेको थियो ।

# ठगी आरोपमा मेडिसिटी अस्पतालका पूर्वकर्मचारी पक्राउ

**काठमाडौं/मस**- नेपाल मेडिसिटी अस्पताल ललितपुरको ' बिलिङ सेक्सन'मा काम गरेका तीन पूर्वकर्मचारी अस्पतालबाट करोडौं रकम ठगी गरेको आरोपमा पक्राउ परेका छन् ।

जिल्ला प्रहरी परिसर ललितपुरका अनुसार बिरामीबाट लिएको शुल्कबाट अस्पतालमा दाखिला गर्नुपर्ने भन्दा कम रकम देखाएर ठगी गरेको पाइएको ललितपुरका प्रहरी उपरीक्षक नवराज कार्कीले जानकारी दिए ।

उनका अनुसार उनीहरुले बिरामीबाट लाग्ने शुल्क लिएर सफ्टवेयरको दुरुपयोग गरी कम शुल्क प्रविष्ट गरी ठगी गरेका हुन् । यसरी ठगी गरेको आरोपमा पक्राउ पर्नेमा दोलखाको भीमेश्वर नगरपालिका- ४ घर भइ भक्तपुरको ठिमी बस्ने वर्ष ३४ का राघव सापकोटा, ललितपुरको गोदावरी नगरपालिका- ११ चापागाउँ बस्ने वर्ष २९ का सनम देशार र काठमाडौंको बालुवाटार बस्ने ३४ वर्षे आशीष अर्याल छन् ।

उनीहरुविरुद्ध आपराधिक लाभ तथा आपाराधिक विश्वासघातसम्बन्धी कसूरमा ललितपुर जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिई अनुसन्धान भइरहेको कार्कीले जानकारी दिए । उनीहरुलाई आजै सार्वजनिक पनि गरिएको छ ।

ती कर्मचारीले अस्पतालमा प्रयोग हुँदै आएको सफ्टवेयरको दुरुपयोग गरी बिरामीबाट शय्या शुल्क, डाक्टर शुल्क र नर्सिङ शुल्कसमेतको वास्तविक शुल्क लिई निजहरुबाट लिएको शुल्कभन्दा कम शुल्क देखाए दुई करोड ६३ लाख ५५ हजार ठगी गरेको आरोप लागेको ललितपुर प्रहरीको भनाइ छ ।

# अत्यधिक गर्मीले जनजीवन प्रभावित

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा २४ जेठ



तराई मधेशका अधिकांश जिल्लामा अत्यधिक गर्मीले जनजीवन प्रभावित भएको छ। पूर्व, मध्य र पश्चिम तराईका जिल्लामा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा माथि पुगेको रेकर्ड छ ।

गर्मी अत्यधिक बढेपछि तराई मधेशका जिल्लाहरुमा विद्यालय बन्द गरिएको छ भने दैनिक ज्यालादारी गर्ने मजदुरहरूको जनजीवन कष्टकर बनेको छ ।

तराई मधेशका सिरहा, सप्तरी, धनुषा लगायतका जिल्लाहरुमा मानिसहरूको दैनिक जनजीवन मात्रै नभई सरकारी कार्यालयका कामहरू गर्न जान पनि कठिन भएको सेवाग्राही बताउँछन् । सिरहाको लहान, धनगढी गोलबजार, मिर्चैया र सिरहा सहरी क्षेत्रमा मानिसहरूको चहलपहल निकै कम देखिन्छ ।

अत्यधिक गर्मीले गर्दा लहानमा रहेका सरकारी कार्यालयहरुमा सेवाग्राहीको संख्यामा कमी आएको छ भने व्यापार व्यवसाय समेत प्रभावित बनेको छ ।

सधैंभरी सेवाग्राहीको चाप रहने ईलाका प्रशासन, मालपोत, यातायात, आन्तरिक राजस्व कार्यालय, नगरपालिका तथा अन्य सरकारी कार्यालयहरुमा समेत सेवाग्राहीको संख्या घटेको देखिन्छ।

यसअघि नै जल तथा मौसम विज्ञान विभागले यस वर्ष सरदरभन्दा बढी गर्मी हुने र मनसुन अवधिमा कम पानी पर्ने प्रक्षेपण सार्वजनिक गरेको थियो ।

विभाग मातहतको महाशाखाले बुधबार विशेष बुलेटिन जारी गर्दै बढ्दो गर्मीका कारण मानव स्वास्थ्यमा पर्नसक्ने असर र त्यसबाट जोगिने उपायहरु समेत सुझाएको छ ।

बुलेटिनमा लेखिए अनुसार तातो हावा तथा लुबाट थकाइ लाग्ने, तीर्खा बढी लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर लाग्ने, बेहोस् हुने, पांसपेशीहरु दुख्ने, बान्ता हुने आदि लक्षण देखिन्छन् । यस्ता लक्षण देखिए स्वास्थ्य संस्था जान वा स्वास्थ्यकर्मीको परामर्श लिन महाशाखाले सुझाएको छ । गर्मीको बेला घर बाहिर ननिस्कन, बाहिर निस्किनै परे टाउको छोप्न, पटक-पटक पानी वा झोल पदार्थ प्रशस्त पिउन र हल्का खालका सुतीका कपडा लगाउन पनि सुझाव दिइएको छ ।

## भूल सुधार

मिति २०८०/०२/२४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **Malaysia** मा रोजगारको अवसर, कम्पनी नं. १ को नाम: **Pembekuan Ayam Dingin Harum Manis Sdn Bhd**, पूर्व स्वीकृत मिति: २०७९/०८/१४, L.T. No.: 276870 र चलानी नं.: **६०१९२४६१**, को पुनः विज्ञापन र कम्पनी नं. २ को नाम: Fuji Roto Gravure Sdn Bhd, पूर्व स्वीकृत मिति: २०८०/०२/२३, L.T. No.: 287324 र चलानी नं.: **६०२०२६६५**, र कम्पनी नं. ३ को नाम: MTTJ Engineering Sdn Bhd, पूर्व स्वीकृत मिति: २०८०/०२/२३, L.T. No.: 287325 र चलानी नं.: **६०२०२६६४**, को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० जेठ ३१ (14 June 2023) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
Email:info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url:www.bajrahrs.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०२/२५**

यस कम्पनीको मिति २०८०/०१/१५ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको बैठकको निर्णयानुसार साविक कम्पनी **अध्ययन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: ३०५८१३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एड्ु टेक एक्सप्रेस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०२/२५**

यस कम्पनीको मिति २०७९/१०/०८ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको बैठकको निर्णयानुसार साविक कम्पनी **वोधी वास्तु इन्जिनियरिङ एण्ड कन्सन्टेन्सी प्रा.लि (प्रा.लि.नं.: २९१३२१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वोधी वास्त मल्टिपर्पोज कम्पनी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**उर्लाबारी, मोरङ**
**कोशी प्रदेश**

### आय ठेक्का बन्दोबस्तका लागि E–BID मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८०/०२/२५)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम आ.व २०८०।०८१ मा यस उर्लाबारी नगरपालिकाको आय संकलन गर्न निम्नानुसारको ठेक्का बन्दोबस्त गर्ने प्रयोजनका लागि विद्युतिय बोलपत्र E–BID को माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएका कामका लागि इजाजत प्राप्त बोलपत्रदाताहरुबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

**तपसिलः**

| सि.नं. | ठे.नं. | ठेक्काको प्रकार | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक रकम, वार्षिक (मू.अ. कर सहित) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर (रु.) | सूचना अवधी |
|---|---|---|---|---|---|---|---|
| १. | रा/१०/०७९/०८० | सडक पूर्वाधार सेवा शूल्क | पूर्व-पश्चिम राजमार्ग र सहायक राजमार्ग बाहेकका स्थानीय बाटाहरुमा | ३१,५०,०००।० (अक्षरेपी एकतिस लाख पचास हजार) | ९४५००।० (अक्षरेपी चौरानब्बे हजार पाँच सय) | ३०००। | ३० दिन |

**प्रशासकीय अधिकृत**

## UAE मा वैदेशिक रोजगारको अवसर

**कम्पनी : VANGUARD FACILITIES MANAGEMENT L.L.C** — **शहरः UAE**
पूर्व स्वीकृत मितिः २०८०/०२/२४ — चलानी नं.: ६०२०२७९७ — L.T. No.: 287455

| सि. नं. | कामदारको पद | माग संख्या: पुरूष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 35 | 65 | स. काममा दक्ष | 900 | २८,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० जेठ ३२ गते (15 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AKP
Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## साउदीमा रोजगारको अवसर |

**कम्पनी : Branch of Al-Qadi General Contracting Company**
**शहरः Dammam**
पूर्व स्वीकृत मितिः २०८०/०२/२३ — चलानी नं.: ६०२०२८०१ — LT. No.: 287371

| सि. नं. | कामदारको पद | माग संख्या: पुरूष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,३०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३२ गते (15 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Lic No.: 836/066/067
**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोनः ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२५ जेठ २०८०, बिहीबार
8 June 2023, Thursday

## सम्पादकीय

### नेतृत्वले दिनुपर्ने विकल्प

कोशी प्रदेश नामाकरण संशोधनको एजेण्डाले अशान्त छ । गत १७ फागुनमा प्रदेशसभाले कोशी नामाकरण गर्दा नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) ले विपक्षमा मतदान गरेका थिए । तर नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले पक्षमा मत दिएकाले अत्याधिक बहुमतबाट प्रदेशको नामाकरण भएको थियो । लगत्तै पहिचानको पक्षमा वकालत गर्दै आएको सामाजिक संस्थाहरू आन्दोलनमा उत्रियो । त्यो आन्दोलनप्रति माओवादी केन्द्रले पनि समर्थन जनायो । पक्षमा मतदान गरेको माओवादी केन्द्रले प्रदेशको नामाकरण संशोधन हुनुपर्ने निर्णय लिएर आन्दोलनरत पक्षलाई साथ दिएको थियो । गत ५ जेठमा कांग्रेसका स्थानीय नेताहरूले पनि प्रदेशको नामाकरण संशोधन गर्न नेतृत्वलाई दबाव दिएका छन् । प्रदेश संसदीय दलले औपचारिक बैठकबाटै आन्दोलनरत पक्षलाई वार्तामा बोलाउन सरकारसँग आग्रह गरेको थियो ।

एमाले नेतृत्वको सरकारले बुधबार वार्ता टोली गठन समेत गरेको छ । मुख्यमन्त्री हिक्मत कार्कीकै नेतृत्वमा वार्ता छोली गठन भएको छ । तर आन्दोलनरत पक्षको माग सम्बोधन गर्न सक्ने हैसियत भने बुधबार नै गुमाएको छ । किनकि सत्ता साझेदार दल माओवादी केन्द्र सत्ताबाट बाहिरिएकाले मुख्यमन्त्री कार्की अल्पमतमा परेका छन् । गत १७ जेठमा जसपाले सरकार छोडेको थियो । अब मुख्यमन्त्री कार्कीसँग एमालेको ४० र राप्रपाका ६ सांसदको मात्रै समर्थन छ । ९३ सदस्यीय प्रदेशसभा रहेकाले सरकारका निम्ति ४७ सांसद आवश्यक पर्छ ।

सरकारले बहुमत गुमाएकाले अध्यादेशबाट बजेट ल्याउने तयारी गरेको छ । सँगै, नयाँ सरकार गठनको प्रक्रिया पनि अगाडि बढाइएको छ । बुधबार नै कांग्रेसले मुख्यमन्त्री कार्कीलाई विश्वास जुटाउन आग्रह गरिसकेको छ । तर अर्को सरकार बनाउन पनि सजिलो छैन । २९ सिटको कांग्रेस, १३ सिटको माओवादी केन्द्र, ४ सिटको एकीकृत समाजवादी र १ सिटको जसपाको सिट संख्या जोड्दा ४७ सिट हुन्छ । तर माओवादी केन्द्रका नेता सभामुख रहेकाले नयाँ सरकार बनाउने गठबन्धनसँग पनि ४६ सिट नै हुन्छ । किनकि राप्रपाले एमालेलाई नै साथ दिदै आएको छ । यदि राप्रपाले कांग्रेस र माओवादी केन्द्रको गठबन्धनलाई समर्थन गरे नयाँ सरकार बन्न सक्छ । तर नेताहरूका अनुसार, त्यस्तो सम्भावना न्यून छ । अर्थात् अर्को सरकार बनाउन सजिलो देखिदैन । यस्तो परि स्थितिबाट जाने भनेको मध्यावधि चुनाव हो । किनकि सरकार बन्नै नसक्ने अवस्था बने मध्यावधि चुनाव संवैधानिक व्यवस्था हो । यसले संघीयतालाई नै कमजोर बनाउने देखिन्छ । अतः २०७२ को संविधानसँग जोडिएको संघीयतालाई सबल बनाउन पनि नेतृत्वले नयाँ कदम अगाडि एकपटक सोच्न जरूरी छ ।

# हिन्दु धर्म र मानव सभ्यता

अग्रलेख



● कुसुम तिवारी पाठक

२०७८ को जनगणनाअनुसार नेपालमा हिन्दु धर्म मान्नेको संख्या ८१.१९ प्रतिशत रहेको छ। जसलाई हेर्दा, नेपाल विश्वमा सबैभन्दा हिन्दु धर्मालम्बी भएको देश भनेर मान्न सकिन्छ । हिन्दु धर्म नेपालको मुख्य र सबैभन्दा ठूलो धर्म हो । नेपालको संविधानले धार्मिक स्वतन्त्रतामा जोड दिएको भएता पनि यो धर्म आम नेपालीको आस्थाको केन्द्र हो । यो धर्म वेदकालभन्दा पनि पुरानो छ । हिन्दु धर्मको सर्वपुज्य ग्रन्थ वेद हो । वेदको रचना कहिले भयो स्पष्ट छैन । हिन्दु धर्मका अन्य ग्रन्थहरु रामायण, महाभारत र पुराणहरुको अध्ययनले पनि यसको सुरुवात अनादिकालदेखि भएको बताउँछ ।


संस्कृतमा हिन्दु धर्मको ऐतिहासिक नाम सनातन धर्म हो, जसको अर्थ शाश्वत धर्म हो । हिन्दु धर्मको जरा वैदिक, सिन्धु घाटी र द्रविड सभ्यताहरुमा छ, त्यसैले यस धर्मलाई संसारको सबैभन्दा पुरानो धर्म मानिन्छ । धर्म, कर्म, संसार, माया, मोह, योग जस्ता धार्मिक कुराहरुले गर्दा हिन्दु धर्मलाई विशिष्ट धर्मको रूपमा राखेको छ। त्यसैले पनि यसको संरक्षण जरुरी छ। वेद, उपनिषद, पुराण, रामायण, महाभारत, श्रीमद्भगवद गीता र आवमहरु नै हिन्दु धर्मका मुख्य ग्रन्थहरु हुन् ।

यो धर्म करिब १ अर्ब ५० करोडभन्दा बढी मानिसहरुद्वारा अभ्यास गरिएको छ । यो धर्म संसारमा तेस्रो ठूलो धर्म हो । भारत र नेपालको जनसंख्याको अधिकांश हिस्सा हिन्दुहरुको नै छ । दक्षिण एसियामा मात्रै ९६ प्रतिशत हिन्दुहरु छन् भनिएको छ । बंगलादेश, श्रीलंका, पाकिस्तान, इन्डोनेसिया, मलेसिया, सिंगापुर, मौरिसस, फिजी, सुरिनाम, गयाना, ट्रिनी, संयुक्त राज्य अमेरिका, क्यानडालगायतका देशहरुमा हिन्दु धर्मका अनुयायीहरुको उल्लेखनीय संख्या रहेको देखिन्छ ।

हिन्दु धर्मले धर्म, अर्थ, काम, मौक्ष, कर्म गरी पाँच तत्वलाई आत्मसाथ गरेको पाइन्छ । हिन्दु धर्ममा धर्मलाई मावनको मुख्य लक्ष्य मानिन्छ, जसमा मानिसको काम, कर्तव्य, अधिकार, कानुन, आचरण, सदगुण र जीवनलाई सही तरिकाले हिँडाउने जस्ता मार्गदर्शनहरुको व्याख्या गरिएको छ। त्यस्तै, अर्थमा मानिसको जीवन निर्वाहको लागि धन आवश्यक पर्दछ, जसले व्यक्तिलाई राज्यमा रहनको लागि सक्षम बनाउँदछ र मानिसको जीवनको पनि विकास गर्दछ भनिएको छ। साथै, हिन्दु धर्म शास्त्रअनुसार काम भनेको चाहना, इच्छा, जोश, लोभ, लालसा, इन्द्रियहरुको आनन्द, जीवनको सौन्दर्यपुर्ण आनन्द, स्नेह, यौन प्रेमलाई समेत जोड दिएको छ। यसबाट आफ्नो इच्छापुर्तिको लागि आपसी समझदारीमा गरिने जनुसुकै कार्यलाई पनि पाप भनिदैन भन्ने कुरा बझ्न कठिन छैन ।

मोक्ष भन्नाले परमआनन्द नै हिन्दु धर्मको लक्ष्य हो । दुख, कष्ट र संसारबाट मुक्ति पाउने अवस्थालाई यहाँ मोक्ष भनिएको छ। मोक्ष पाउन परम आनन्द मानिसको जीवनमा हुनुपर्दछ भन्ने मान्यतामा यसले जोड दिएको पाइन्छ। कर्म नगरी फल पनि पाईंदैन तसर्थ, कर्म गर तर, फलको आशा नगर भन्ने सिद्धान्तमा यो धर्म अडिग भएको देखिन्छ। जीवन, मुत्यु र पुनर्जन्म संसारको एक चक्र हो भन्ने मान्यतालाई यो धर्मले अगिंकार गरेको छ । हिन्दु धर्मका अनुसार जीवनको अन्तिम लक्ष्य प्राप्त गर्नको लागि भक्ति योग, कर्मयोग, राजयोग, ज्ञान योगको आवश्यकता पर्दछ । यहाँ भक्ति योग भनेको प्रेम भक्तिको मार्ग अगाल्ने, कर्म योग भनेको सही कार्यको बाटो अगाल्ने, गलत बाटो नलिने, राजयोग भनेको ध्यानको मार्ग हो र ज्ञान योग भनेको ज्ञान र वुद्धिको मार्ग हो भनिएको छ ।

हिन्दु धर्ममा देवताको मुर्ति पुजा गरिन्छ। हिन्दु धर्मको ठूलो विशेषता



*संस्कृतमा हिन्दु धर्मको ऐतिहासिक नाम सनातन धर्म हो, जसको अर्थ शाश्वत धर्म हुन्छ । हिन्दु धर्मको जरा वैदिक, सिन्धु घाटी र द्रविड सभ्यताहरूमा छ, त्यसैले यस धर्मलाई संसारको सबैभन्दा पुरानो धर्म मानिन्छ । धर्म, कर्म, संसार, माया, मोह, योग जस्ता धार्मिक कुराहरूले गर्दा हिन्दु धर्मलाई विशिष्ट धर्मको रूपमा राखेको छ । त्यसैले पनि यसको संरक्षण जरूरी छ ।*

भनेको सबै धर्मलाई उतिकै आदरभाव गर्ने नै हो । सबैलाई समान देख्ने, के धनी, के गरिब, के सानो वा के ठूलो कुनै भेदभाव नराख्ने, कसैप्रति वैरभाव नराख्ने र सबैको कल्याण चाहने धर्म भएको हुनाले पनि यो धर्म विश्वभरी सनातन धर्मको रूपमा फैलिएको पाइन्छ । संस्कृतको निम्न स्लोकमा भनिएको छ। "न कश्चित कस्यचित मित्रं न कश्चित कस्यचित रिपुः। व्यवहारेण जायन्ते, मित्राणि रिप्वस्तथा" हिन्दु धर्मको व्याख्या अनुसार संसारमा नकोही कसैको मित्र हुन्छ, नकोही कसैको शत्रु हुन्छ, यो त मानिसको व्यवहारबाट नै मित्र वा शत्रु बन्ने हो । तसर्थ, सबैसँग प्रिय बचन बोल, आदर गर, माया गर तब तिम्रा सबै मित्र हुनेछन्, अन्यथा संसारमा तिमी एक्लो हुनेछौ । त्यसो त कुनै लक्ष्य प्राप्तीको लागि एक्लो मानिसले के नै गर्न सक्दछ र सबको हातेमालो जरुरी छ भन्ने सन्देश हिन्दुधर्मले दिएको छ ।

"सत्य-सत्यमेवेश्वरो लोके सत्ये धर्मः सदाश्रितः । सत्यमूलनि सर्वाणि सत्यान्नास्ति परं पदम्" हिन्दु धर्मको विश्वास छ- यो संसारमा सत्य नै इश्वर हो, धर्म पनि सत्यमा आधारित हुन्छ। सत्य सबैकुरा हो यो भन्दा ठूलो संसारमा केही छैन । तसर्थ, सत्य बोल, धर्म गर पाप नगर भन्ने सन्देश यो स्लोकबाट पाउन सकिन्छ ।

हिन्दु धर्मको मान्यताअनुसार पाप गर्न हुँदैन, पुण्य कमाउनु पर्दछ, दान धर्म गर्नुपर्दछ, मन्दिरमा पुजा गर्नुपर्दछ, राम्रो र शुद्ध बचन बोल्नुपर्दछ, कसैलाई ढाट्न र छल्न हुँदैन, कुकर्म गर्नु हुँदैन, हत्या हिंसाको बाटो त्याग्नुपर्दछ । अन्यथा, अधर्म र पाप लाग्दछ । यस्ता कुकर्मले मृत्यु पर्यन्त स्वर्गमा नभै नर्कमा बास हुन्छ भन्ने किंवदन्ति रहेको छ। तथापी, मानिसको इच्छापुर्ति गर्ने हेतु आपसी समझदारीबाट गरिने कुनै पनि कार्यलाई हिन्दु धर्मले पाप मानेको छैन बरु कसैलाई सन्तुष्ट बनाउने कार्यले धर्म नै हुन्छ भनिएको छ ।

आजको भौतिक संसारमा हिन्दु धर्मको दुरूपयोग गर्नेहरुको पनि कमी छैन । समाजमा धर्मको नाममा ठगी गर्ने, चोरी डकैति गर्ने, बलात्कार, अपहरण, मिथ्या बचनलगायतका पाप कर्म गर्नेहरुको बिगबिगी छ भन्नुमा अत्युक्ति नहोला । सही तरिकाले मानव जगतले यो धर्मको पालना र संरक्षण गर्न सकेमा मानवीय जीवनमा जे-जस्ता पापकर्महरु गरेको भएता पनि यसबाट मुक्ति पाइन्छ भन्ने कुरा हिन्दु धर्म शास्त्रमा लेखेको पाइन्छ। हिन्दु धर्मले हामीलाई नैतिकताको पाठ सिकाउँदै असल जीवन जीउन सिकाउँदछ। धर्म एक शक्ति हो, जसले समाजको निर्माण, लोककल्याण, अवसरहरुको खोजी गर्न मद्दत पुऱ्याउँदछ । अर्कोतर्फ, पुण्य प्राप्त भई पापकर्मबाट मुक्ति दिलाउँदछ र यसको लागि कर्म गर्नुपर्दछ । खराब बाटो त्यागी असल मार्गमा हिँडाउने कार्यको लागि धर्मले मानिसलाई निर्देशित गर्दछ ।

नेपालमा हिन्दु धर्मको संरक्षणको लागि विभिन्न संघ संस्थाहरु खोलेर कार्य गरिरहेको भएता पनि यसको संरक्षण गर्ने क्रममा अन्य धर्म वा सो मान्ने व्यक्तिलाई पनि हामीले उत्तिकै कदर गर्नु जरुरी छ। कसैको धार्मिक आस्थामा चोट नपुऱ्याईकन हिन्दु धर्मको संरक्षण र सम्वर्धन गर्नु आजको आवश्यकता हो । हिन्दु धर्मको कुरा गरेर मात्र हुँदैन, यसको सिद्धान्त र आचरण एवम् मनसुद्धि र आफ्नो चरित्रलाई पनि उक्तिकै सुधार गर्नु जरुरी छ। साथै, मठमन्दिर, पाटी पौवा, धार्मिक र सांस्कृतिक केन्द्रहरुको सरसफाई, निर्माण, मर्मत जस्ता जनउपयोगी कार्यलाई पनि त्यतिकै ध्यान दिन सकेको खण्डमा निश्चय पनि पापकर्मबाट मुक्ति पाइनेछ ।

नेपाल धार्मिकरुपमा पर्यटकीय सम्भावनाको देश हो। हिन्दु भूमिको रुपमा रहेको नेपाललाई यही क्षेत्रको विकास गरेर पनि देशको अर्थतन्त्रमा सकारात्मक अवस्था सिर्जना गर्न सकिन्छ। धर्म भनेको मुर्तिको पुजा गर्नु मात्र होइन, धर्म भनेको झुठो आश्वासन कसैलाई नदिने, अपराध नगर्ने, मनमा गलत विचार नबोक्ने, धर्म मात्र नभई कर्मलाई पनि सँगसँगै लैजानेलगायतका कार्यबाट मात्र हिन्दु धर्मको उद्देश्य र लक्ष्य पूरा हुन्छ भन्ने कुरामा कसैको दुई मत नहोला ।

***(लेखक त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायमा स्नातकोत्तरमा अध्ययनरत छिन् ।)***

## सामाजिक सञ्जाल



**- रामभक्त ठाकुर**

नेपाल-भारतको सम्बन्धमा विशिष्टता र संवेदनशिलता भरेको हुनाले यस प्रकारले नीति परिचालन गर्नुपर्छ जसले सर्प मरोस् तर, लट्ठी नभाच्चियोस् । तर परराष्ट्र नीति नजाने पछि के हुँदो रहेछ भने हाम्रो लट्ठी भाँच्ने तर, सर्प नमर्ने । र कहिले अज्ञानी भएर सर्प पनि मार्ने र लट्ठी पनि भाँच्ने गर्छ ।



**- निर्मल प्रसाइँ**

कतारले पेट्रोलियम पदार्थ, रुसले ग्यास, ननिकालेको भए आज ति देशहरु गरिब नैं रहन्थ्यो । ५० वर्षअघि नेपालले गाँजा खेतीलाई वैधानिकता दिएको भए आज कुनै नेपाली विदेशमा बेचिनु पर्दैनथ्यो । गाँजा खेतीलाई विरोध होइन, प्रोत्साहन गरौँ ।



**- विश्वरसिंह मेवाहाङ**

यसपाली खर्च कटौतीको नाममा कर्मचारीले पाउने विभिन्न भत्ता र केही सरकारी कार्यालयसमेत कटौती गरेको पाइयो तर, वडाअध्यक्षदेखि राष्ट्रपतिसम्मका राजनीतिक पद र पहुँचको व्यक्तिले पाउने भत्ता र सेवासुबिधा कटौती गरेको पाइएन । यो त राणा शासन जस्तो भो नि, राष्ट्रिय ढुकुटीमा शासकको रजाइँ ।



**- तारानाथ दाहाल**

देश (सरकार/राज्य) र नागरिकबीचको सम्बन्ध भनेकै "म तिमीलाई कर तिर्छु, तिमी मलाई उत्कृष्ट सुबिधा देउ" नै हो । अरु सबै भावनाका कुरा, शोषणका जालझेल हुन। मत दिने कुरा पनि 'भ्रमको पर्दा' मात्र हो । आत्मा सम्मान गुमाएर अन्याय, शोषण र जालझेलको गोटी बनेर 'नागरिक' हुनुको के अर्थ ?

# कैद मिनाहाका घटना र रेशम चौधरी

विचार



● जयप्रकाश गुप्ता

